# लिवर्टी इनर्जी कम्पनी लिमिटेडको
# पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०३)**

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको संचालक समितिको मिति २०८१/०९/०२ गते बसेको बैठकको निर्णय अनुसार निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्ताव उपर छलफल तथा निर्णय गर्न कम्पनी ऐन २०६३ को उपदफा ६७ अनुसार कम्पनीको पन्धौं वार्षिक साधारणसभा बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१ साल पौष २५ गते बिहिबार ।
समय : बिहान १०:३० बजे ।
स्थान : अनमोल ब्याङक्वेट, शंखमुल, काठमाण्डौ ।

**छलफलको विषयहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन माथी छलफल गरी पारित गर्ने ।
२. कम्पनीको लेखापरिक्षकले पेश गर्नु भएको आ.व. २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन तथा वित्तिय विवरण माथि छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आगामी आ.व. २०८१/०८२ को लागी लेखा परिक्षक नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१. प्रवन्ध पत्रको दफा २ संसोधन गर्ने सम्बन्धमा ।
२. नियमावलीको नियम २ संसोधन गर्ने सम्बन्धमा ।
३. सहायक कम्पनी स्थापना तथा विद्युत उत्पादनको अनुमतिपत्र हस्तान्तरण अनुमोदन सम्बन्धमा ।
४. अन्य जलविद्युत आयोजनालाई प्राप्ति (एक्विजिसन) गर्न तथा मर्जर प्रकिया अघि बढाउन संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
५. कम्पनीको प्रबन्ध पत्र तथा नियमावली संसोधनको कममा नियमनकारी निकायबाट कुनै फेरबदल थपघट गर्न निर्देशन वा सुझाव भएमा सोहि बमोजिम आवश्यक फेरबदल गर्न वा अभिलेख गर्दा/गराँउदा केहि हेरफेर तथा संसोधन गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

---

**साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु :**

१. पन्धौं वार्षिक प्रयोजनको लागी २०८१ पौष ११ गते एक दिनको लागी शेयरधनी दर्ता किताब बन्द रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१ पौष १० गते सम्म कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंमा प्राप्त शेयर नामसारीको लिखितको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन योग्य हुनेछन् ।
२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्न अनुरोध छ । हाजिरी पुस्तिका बिहानको ९:३० बजेदेखि ११:३० बजेसम्म खुल्ला रहनेछ ।
३. सभामा उपस्थित हुने शेयरधनी महानुभावले सभा कक्ष भित्र प्रवेश गर्नका लागी आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाणपत्र वा हितग्राही खाता विवरण वा शेयर प्रमाण पत्र साथमा लिई आउनु हुन अनुरोध छ ।
४. साधारण सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पुर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सि फारम) भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कार्यालयमा दर्ता गराईसक्नुपर्ने छ । प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिएको व्यक्ति समेत यस कम्पनीको शेयरधनी हुन आवश्यक छ । त्यस्तै एक भन्दा बढि व्यक्तिहरुलाई आफ्नो शेयर बिभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याएर दिइएको प्रोक्सी बदर हुनेछ ।
५. सभामा भाग लिन र मतदान गर्नका लागी प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिसके पछि सभाको काम कारबाही शुरु हुनु अगावै सम्बन्धित शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा त्यस्ता शेयरधनीले दिएको प्रतिनिधि फारम (प्रोक्सी) स्वत: बदर भएको मानिनेछ ।
६. कुनै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेकोमा यस कार्यालयमा पहिलो दर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ ।
७. कुनै शेयरधनी महानुभावहरुले छलफलको विषयमध्ये विविध शीर्षक अन्तर्गत कम्पनी सम्बन्धि कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्ने छ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने/नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ ।
८. कम्पनीको पन्धौं साधारण सभा सम्बन्धि थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालय वा शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारी कम्पनीको वेवसाइट www.libertyenergy.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ ।

**Liberty Energy Company Ltd.**
**लिवर्टी ईनर्जी कम्पनी लि.**
कालिकास्थान-२९, काठमाडौं, फोन नं: ०१-४५४३५४५
Email: liberty@libertyenergy.com.np | Web:www.libertyenergy.com.np